आर्थिक वर्ष २०८३/८४ का लागि
१७ औँ नगरसभाको बन्द सत्रको पहिलो बैठकमा
नगर प्रमुख श्री विरेन्द्र भट्टज्यूबाट प्रस्तुत

# नीति तथा कार्यक्रम

## गोदावरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

अत्तरिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

गोदावरी नगरपालिकाको १७ औं नगरसभाको बन्द सत्रको पहिलो बैठकमा उपस्थित गोदावरी नगरपालिकाका नगर उपप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, नगर सभाका सदस्यज्यूहरू, नगरपालिकाका कर्मचारी मित्रहरू, नगर प्रहरी लगायत अन्य उपस्थित महानुभावहरू ।

नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, लोकतन्त्र प्राप्ति र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि भएका जनयुद्ध सहित विभिन्न आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात–अज्ञात सहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली एवं श्रद्धासुमन अर्पण गर्दछु ।

नगरसभाका सदस्यज्यूहरू,

उपलब्ध विविध साधन स्रोत, संघ तथा प्रदेश सरकारले उपलब्ध गराएको अनुदान, नगरपालिकाको आफ्नै आन्तरिक आयस्रोत, कर्मचारी प्रशासन र सम्पूर्ण नगरबासीहरूको न्यानो साथ एवं विभिन्न दातृ संघ/संस्था तथा निकायसँगको सहकार्यमा नगरबासीले सुम्पिएको यो ऐतिहासिक जिम्मेवारीलाई इमान्दारिताका साथ पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

नेपालको संविधानको धारा २३०, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम गोदावरी नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३/८४ को नीति विषय क्षेत्रगत प्रस्तुत गर्न अनुमति चाहन्छु।

नगर सभाका सदस्यज्यूहरू,

गोदावरी नगरपालिकाले आ.व. २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका प्रमुख आधारहरूको जानकारी गराउन चाहन्छु।

- नेपालको संविधान,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४,
- विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन ऐन, २०७४,
- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ का सान्दर्भिक दफा तथा नियमहरू,
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८,
- संघीय र सुदूरपश्चिम प्रदेश सरकारले जारी गरेका परिपत्र, नीति, कानून र मापदण्डहरू,

- संघीय सरकार र सुदूरपश्चिम प्रदेश सरकारबाट प्राप्त विभिन्न मार्गदर्शनहरू,
- १६ औं योजनाले निदृष्ट गरेका लक्ष्य एवं उद्देश्यहरू,
- सन् २०३० सम्म पूरा गर्नुपर्ने दिगो विकासका लक्ष्य,
- अन्तर्राष्ट्रिय स्तरमा नेपालले व्यक्त गरेको विषयगत क्षेत्रका प्रतिबद्धता,
- गोदावरी नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम,
- नगरपालिकाका विषयगत समितिबाट प्राप्त सुझाव,
- वडाबाट आएका सुझाव तथा कार्यक्रमहरू।

## विषय क्षेत्रगत नीतिहरू

### क) सुशासन तथा संस्थागत विकास क्षेत्र

१) नगरपालिकाको राजस्व प्रशासनलाई चुस्त, दुरुस्त र पारदर्शी बनाई सेवाग्राहीले आफूलाई पायक पर्ने ठाउँमा गई राजस्व बुझाउन सक्ने व्यवस्थाका लागि घरबाटै अनलाइन भुक्तानी गर्ने पद्धतिको विकास गरी समयको बचत गरिनेछ ।

२) आर्थिक अनुशासन र मितव्ययिता कायम गर्न सार्वजनिक प्रशासनका नवीन मूल्य र औजारहरूको उपयोग गरिनेछ ।

३) आर्थिक वर्षको सुरुवातदेखि नै वार्षिक कार्यक्रमहरू निरन्तर कार्यान्वयन गर्ने गरी वार्षिक खरिद योजना तयार गरी जिम्मेवार कर्मचारीहरूसँग कार्यसम्पादन सम्झौता गरिनेछ र उक्त सम्झौताकै अधीनमा रही कर्मचारीको प्रोत्साहन र कार्यसम्पादन मूल्याङ्कन गरिनेछ। साथै कर्मचारीलाई वृत्ति विकासको समुचित अवसर प्रदान गरिनेछ ।

४) नगरपालिकाबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरूमा वित्तीय जोखिम न्यूनीकरणका लागि निर्माण र खरिद प्रक्रियालाई बढी पारदर्शी र प्रतिस्पर्धात्मक बनाउन ई–प्रोक्युरमेन्ट (E-Procurement) लाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

५) नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन अनुसार स्थानीय तहलाई प्राप्त अधिकार कार्यान्वयन गर्न आवश्यक ऐन कानुनहरू निर्माण गरी क्रमशः कार्यान्वयन गर्दै अगाडि बढाइनेछ र निर्मित कानुनहरूलाई आवश्यकतानुसार अद्यावधिक गर्दै लगिनेछ ।

६) परिवर्तित सन्दर्भ तथा नगरपालिकाको आवश्यकता र औचित्यको आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षणलाई आधार मानी नगरपालिका तथा वडाहरू र स्वास्थ्य संस्थाहरूको संगठन तथा दरबन्दी संरचनालाई अद्यावधिक गर्दै लगिनेछ ।

७) कार्यालयको भौतिक सम्पत्तिको उचित व्यवस्थापन गर्दै पुराना र मर्मत गर्न नसकिने तथा बढी खर्च लाग्ने असान्दर्भिक सामग्रीहरूको लिलाम बिक्री गर्ने नीति लिइनेछ ।

८) भ्रष्टाचार र अनियमित कार्यलाई कडाइका साथ नियन्त्रण गर्दै पारदर्शिता र जवाफदेही प्रणालीलाई सुदृढ तुल्याइनुका साथै भ्रष्टाचारमुक्त गोदावरी नगर बनाउन भ्रष्टाचार शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ।

९) अशक्त तथा असहाय नागरिकको सहज सेवा प्राप्तिका साथै सेवा प्रवाहलाई जनमैत्री बनाउन नागरिक सहायता कक्षलाई व्यवस्थित बनाउँदै लगिनेछ ।

१०) सार्वजनिक सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि कर्मचारी र पदाधिकारीहरूलाई जिम्मेवार, जवाफदेही, पारदर्शी र जनउत्तरदायी बनाइनेछ ।

११) नियमित सेवा र विकास गतिविधिहरूलाई पारदर्शी बनाउन सार्वजनिक सुनुवाइ का साथै सूचना प्रसारण गरी सञ्चार माध्यमबाट जनतालाई सुसूचित गर्ने कार्य गरिनेछ। समग्र नगरपालिका प्रशासनलाई सुशासनयुक्त, सेवाग्राहीमैत्री र गुनासोरहित सेवा प्रवाहको व्यवस्था मिलाई शून्य सहनशीलता नीति अवलम्बन गरिनेछ ।

१२) विकेन्द्रीकरण लाई संस्थागत गर्न वडा र बस्ती तहको निर्णय प्रक्रियामा जनसहभागितालाई अझ प्रभावकारी बनाउँदै लगिनेछ। कर्मचारीहरूको विवरण सूचना प्रणाली PIS सफ्टवेयरमा अद्यावधिक गर्ने कार्यलाई चुस्तदुरुस्त बनाई लागू गरिनेछ ।

१३) नगरपालिकाका विभिन्न प्रकृतिका बेरुजुहरू पूर्ण रूपमा फछ्र्यौट गरी शून्य बेरुजुको नीति अवलम्बन गरिनेछ।

१४) नगरपालिकाबाट स्वीकृत भएका कार्यक्रमहरूलाई चुस्त, दुरुस्त र पारदर्शी बनाई अनुगमन र कार्यान्वयनमा सहजताका लागि योजना व्यवस्थापन प्रणालीको पूर्ण कार्यान्वयन गरिनेछ ।

१५) सबल, सक्षम र प्रविधिमैत्री दक्ष जनशक्ति को विकासका लागि क्षमता विकास योजना (CD Plan) लाई कार्यान्वयनमा ल्याइनेछ ।

१६) नगर प्रहरीहरूलाई थप दक्ष र क्षमतावान बनाउन नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाल सँगको सहयोगमा तालिम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

१७) कर्मचारीहरूलाई कार्यानुभवको आधारमा अन्तरशाखा र एक स्थानबाट अर्को स्थानमा चक्रिय प्रणालीको आधारमा सरुवा गर्ने परिपाटीलाई निरन्तरता दिइनेछ ।

१८) यस कार्यालयबाट अवकाश प्राप्त शिक्षक र कर्मचारीहरूलाई सम्मान गर्ने नीतिलाई निरन्तरता दिइनेछ। साथै यस नगरपालिकाको सामाजिक जीवनका विभिन्न क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याउने व्यक्ति, संस्था, उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारी, शिक्षक आदि लगायतलाई सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१९) खरिद कार्यका लागि खरिद इकाइ वा खरिद शाखालाई प्रभावकारी बनाइनेछ ।

२०) नगरपालिकाको नाममा रहेको कर्मचारी कल्याण कोषलाई कर्मचारी वर्गको अधिकतम हित प्रवर्द्धन हुने गरी परिचालन गरिनेछ ।

२१) योजना तथा अनुगमन शाखा र सूचना प्रविधि शाखाको संयुक्त प्रयासमा नगरस्तरीय तथ्याङ्क बैंकको विकास गरिनेछ । योजना अनुगमन गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ ।

२२) आवधिक नगर विकास योजना, मध्यमकालीन खर्च संरचनालाई मुख्य आधार मानी वार्षिक योजना तर्जुमा र विकास निर्माणका गतिविधि सञ्चालन भइरहेकोमा उक्त नीतिलाई निरन्तरता दिइनेछ।

२३) जनगुनासो यथाशीघ्र सम्बोधन गर्ने, गुनासो अभिलेख राख्ने, सुझाव पेटिकाका साथै सामाजिक लेखा परीक्षण गराउने जस्ता कार्यलाई निरन्तरता दिइनेछ।

२४) नगरपालिका भित्र क्रियाशील गैरसरकारी संस्थाहरूको परिचालन, नियमन, अनुगमन गर्नुका साथै आवश्यक सहजीकरण समेत गरिनेछ।

२५) यस नगरपालिकासँग सिमाना जोडिएका स्थानीय तहहरूसँग प्रभावकारी समन्वय र सहकार्य कायम गरी साझा हितका योजना तथा कार्यक्रमहरू सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

२६) क्षमता विकासमार्फत न्यायिक समितिलाई सशक्तीकरण गर्दै न्याय सम्पादन भएका निर्णय तथा मिलापत्रहरूको कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ।

२७) सामाजिक सुरक्षा वापतको रकम सरल र सहज तरिकाले समयमै प्राप्त गर्न सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरूसँग समन्वय गरिनेछ।

२८) यस नगरपालिका क्षेत्रभित्र रहेका विभिन्न जातजाति, भेषभूषा र धर्मसंस्कृति को जगेर्नाका साथै उक्त समुदायको उच्च सम्मान गर्दै कार्यपालिकाको निर्णय बमोजिम हुने गरी विशेष पर्वका दिन सार्वजनिक बिदा दिने नीतिलाई निरन्तरता दिइनेछ।

२९) सेवाग्राहीहरूको सहजताका लागि डिजिटल नागरिक वडापत्रको व्यवस्था वडा कार्यालयहरूमा पनि विस्तार गर्दै लगिनेछ।

३०) विभिन्न अपराधिक क्रियाकलाप नियन्त्रणका लागि राजमार्ग तथा सार्वजनिक स्थलमा जडान गरिएका सीसीटीभी हरूलाई थप व्यवस्थित गर्नुका साथै क्षेत्र विस्तार गरी नयाँ सीसीटीभी समेत जडान गरिनेछ।

३१) नागरिकहरूको सूचनाको हकको सम्मान गर्दै नगरपालिकालाई सूचनामैत्री बनाइनेछ।

३२) सार्वजनिक स्थानहरूमा फ्री वाइफाइ को व्यवस्था गर्न आईएसपी (ISP) हरूसँग पहल गरिनेछ।

३३) पालिकाबाट तर्जुमा भएका तर्जुमा भएका कानूनहरूको कार्यान्वयन स्थितिको अनुगमनका लागि आवश्यक व्यवस्था गरिनेछ ।

३४) कानूनहरूको बारेमा सचेतना र तालिम, मानव अधिकार र नागरिक स्वतन्त्रताको संरक्षण, प्रवर्धन र समन्वय, मानव अधिकार सम्बन्धी कार्ययोजनाहरू कार्यान्वयन र अनुगमन, मानव अधिकार सम्बन्धी कानूनहरूको कानूनी सचेतना, मौलिक हक तथा मानव अधिकार र नेपालको संविधानको धारा ४८ बमोजिमको नागरिकका कर्तव्य सम्बन्धी सचेतना, मानव अधिकार संस्कृति निर्माण जस्ता विषयहरूका बारेमा आवश्यक प्रबन्ध गरिनेछ ।

**ख) सामाजिक विकास क्षेत्र**

**१) शिक्षा, युवा तथा खेलकुद**

१) विद्यालय शिक्षालाई निःशुल्क र अनिवार्य बनाउँदै बालबालिकाको शिक्षामा समान पहुँच सुनिश्चित गरिनेछ । विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुलाई विद्यालयमा भित्र्याउन सरोकारवालाहरू सबैको सक्रिय सहभागितामा विद्यार्थी भर्ना अभियानलाई निरन्तरता दिइनेछ । साथै शैक्षिक पहुँच सुनिश्चितताका लागि अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

२) शिक्षाको गुणस्तर, पहुँच र प्रतिस्पर्धात्मक क्षमतामा सुधार ल्याउन शिक्षा क्षेत्रमा लगानी वृद्धि गरिनेछ ।

३) शिक्षाको गुणस्तर अभिवृद्धि गर्न आवश्यकता र मागका आधारमा शिक्षकहरुका लागि तालिमको व्यवस्था गरिनेछ। । साथै प्रारम्भिक बालविकास सहजकर्ताको पेशागत विकास गर्दै अभिभावक शिक्षामा जोड दिइनेछ ।

४) डिजिटल शिक्षा कार्यक्रमका लागि विद्यालयहरुलाई प्रोत्साहित गरिनेछ । सबै सामुदायिक विद्यालयहरुमा ई-हाजिरीको व्यवस्थापन गरिनेछ । साथै विद्यालयका शिक्षक एवं

कर्मचारीका लागि IEMIS सम्बन्धी तालिम प्रदान गरी विद्यालय सम्बन्धी तथ्याङ्कलाई Real-time मा आधारित बनाइनेछ ।

५) विद्यालयलाई उपलब्ध गराइने अनुदानका लागि विद्यार्थी सिकाइ उपलब्धिलाई आधार बनाइनेछ ।

६) विद्यालयमा उपलब्ध हुने दिवा खाजा कार्यक्रमलाई स्थानीय उत्पादनसँग पूर्ण रुपमा आवद्ध गरिनेछ ।

७) विद्यालयमा बृहत् विद्यालय सुरक्षा योजना बनाउन लगाई आपतकालिन अवस्थामा पनि सिकाइलाई निरन्तरता दिइनेछ ।

८) आधारभूत तह ( कक्षा ८ ) र एस. ई. ई. परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीहरुका लागि पुरस्कारको व्यवस्था गरिनेछ । साथै आधारभूत तह कक्षा ८ को नगरस्तरीय परीक्षामा उत्कृष्ट नतिजा ल्याउन सफल (सामुदायिक तर्फ र संस्थागत विद्यालय तर्फका) विद्यालयलाई नगर शिक्षा पुरस्कार प्रदान गरिनेछ ।

९) संस्थागत विद्यालयहरुलाई सेवामुखी बनाउन नियमित अनुगमन, नियमन र सहजीकरण गर्दै शैक्षिक गुणस्तर कायम गरिनेछ ।

१०) बालबालिकाहरुको शारीरिक, मानसिक र बौद्धिक विकास गरी अनुशासित, स्वाबलम्बी र चरित्रवान बनाउन स्काउट शिक्षालाई प्रोत्साहन गरिनेछ ।

११) विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धिका लागि विद्यालय अनुगमन कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । विद्यार्थीहरुको सर्वाङ्गीण विकासका लागि अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिनेछ

१२) प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ता, विद्यालय कर्मचारी र सामुदायिक सिकाइ केन्द्रका परिचालिकालाई नेपाल सरकारले निर्धारण गरे बमोजिमको न्यूनतम मासिक पारिश्रमिक उपलब्ध हुने व्यवस्थालाई निरन्तरता दिइनेछ । । बालविकास केन्द्रलाई बालमैत्री हुने गरी व्यवस्थापन गरिनेछ ।

१३) गोदावरी नगरपालिकाबाट प्रदान गरिदैं आएको एक वडा एक नमूना विद्यालय कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१४) विद्यालय तहमा अध्ययनरत विद्यार्थी (खेलाडी) हरुलाई खेल कौशल प्रदर्शन गर्ने अवसर प्रदान गर्न खेलाडी बीमा सुनिश्चित गर्दै राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गरिनेछ । अपाङ्गता भएका बालबालिकाका लागि खेलकुदको अवसर प्रदान गरिनेछ ।

१५) खेलकुदलाई पेशाको रुपमा विकास गर्न विद्यालयस्तरमा खेल प्रतियोगिता सञ्चालन गरी उत्कृष्ट खेलाडी उत्पादन गरिनेछ ।

१६) युवाहरुको क्षमता अभिवृर्दि गरी आत्मनिर्भर बनाउन युवा लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

१७) प्रत्येक वडामा एक खेलमैदान निर्माण गर्न बजेटको व्यवस्था गरिनेछ ।

१८) सामुदायिक विद्यालयका कक्षा ८, १० र १२ को वार्षिक परिक्षामा अङ्ग्रेजी, गणित र विज्ञान विषयमा ८०% र अन्य विषयमा ९०% उत्तिण गराउने विषयगत शिक्षकलाई नगत २५ हजार सम्मको पुरुस्कारको व्यवस्था गरिनेछ ।

**२) स्वास्थ्य**

१. सार्वभौमिक पहुँच र गुणस्तर

- सबै नागरिकलाई गुणस्तरीय, सुलभ र समतामूलक स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ ।
- आधारभूत स्वास्थ्य सेवामा १०० प्रतिशत पहुँच पुर्‍याउने लक्ष्य राखिनेछ ।

२. पोषण तथा खाद्य सुरक्षा

- पोषणमैत्री स्थानीय शासन कार्यान्वयन गरी कुपोषण दर न्यूनीकरण गरिनेछ ।
- बालबालिका तथा गर्भवती महिलामा शीघ्र कुपोषणको दर कम गरिनेछ ।

३. स्वास्थ्य पूर्वाधार सुदृढीकरण

- स्वास्थ्य संस्थाहरूमा औषधि, उपकरण तथा जनशक्ति उपलब्धता ≥ ९० प्रतिशत सुनिश्चित गरिनेछ ।
- आवश्यक स्थानमा स्वास्थ्य सेवा केन्द्र/बर्थिङ सेन्टर स्थापना गरिनेछ ।

४. आयुर्वेद तथा वैकल्पिक चिकित्सा

- आयुर्वेद सेवा विस्तार गर्दै प्रवर्द्धनात्मक स्वास्थ्य सेवामा एकीकृत उपयोग गरिनेछ ।

५. नसर्ने तथा मानसिक रोग नियन्त्रण

- नसर्ने रोग खोजपड्ताल (उच्च रक्तचाप, मधुमेह, क्यान्सर लगायत) सेवालाई वडा स्तरसम्म विस्तार गरिनेछ ।
- मानसिक स्वास्थ्य सेवा प्रवर्द्धन गरिनेछ ।

६. खोप कार्यक्रम

- पूर्ण खोप सुनिश्चित पालिका प्रत्येक वर्ष कायम गरिनेछ ।
- खोप लगाउन छुट हुने बालबालिकाको दर ५ प्रतिशतभन्दा कम कायम गरिनेछ ।

७. कोल्ड चेन तथा भण्डारण

- गुणस्तरीय औषधि भण्डारण कक्ष र खोप भण्डारण कक्षको स्थापना/सुदृढीकरण गरिनेछ ।
- खोपको खेर जाने दर १० प्रतिशतभन्दा कममा सीमित गरिनेछ ।

८. विद्यालय स्वास्थ्य कार्यक्रम

- विद्यालय नर्स कार्यक्रमलाई स्वास्थ्य जाँच, व्यवस्थित महिनावारी सरसफाइ र मानसिक स्वास्थ्य सेवासम्म विस्तार गरिनेछ ।

९. परिवार योजना सेवा

- सेवाग्राहीमैत्री परिवार योजना स्वास्थ्य सेवा विस्तार गरी अपूर्ण आवश्यकता घटाइनेछ ।

१०. सुरक्षित मातृत्व

- प्रत्येक सुत्केरीलाई:
  - o स्वास्थ्य अवस्था सुधारका लागि पोषण सामग्री वितरण गरिनेछ ।
  - o सुत्केरी तथा नवशिशु घरभेट जाँच सेवा कम्तीमा ३ पटक सुनिश्चित गरिनेछ ।
- प्रसूति केन्द्रहरू थप सुदृढीकरण गरिनेछ ।
- घरमा हुने सुत्केरीलाई न्यूनीकरण गर्न प्रसूति प्रतीक्षा गृहको अवधारणा अवलम्बन गरिनेछ ।

११. एम्बुलेन्स सेवा

- लक्षित समूहका लागि निःशुल्क एम्बुलेन्स सेवा नियमित २४ घण्टा सञ्चालन गरिनेछ ।

१२. घरदैलो स्वास्थ्य सेवा

- गाउँघर क्लिनिक तथा चल्ती स्वास्थ्य सेवा मार्फत घरदैलोमा सेवा विस्तार गरिनेछ ।

१३. विपद् तथा महामारी तयारी

- स्थानीय स्वास्थ्य आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयन गरिनेछ ।

- द्रुत प्रतिकार्य टोली (RRT) सक्रिय राखिनेछ ।

१४. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका

- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन गरिनेछ ।
- सम्मानजनक बिदाइ र क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

१५. स्वास्थ्य शिविर

- विशेषज्ञ शिविर (आँखा, दाँत, नसर्ने, प्रजनन र बृहत् स्वास्थ्य) सञ्चालन गरिनेछ ।
- शीघ्र पहिचान, उपचार, व्यवस्थापन तथा प्रेषण सुनिश्चित गरिनेछ ।
- मानसिक स्वास्थ्य सम्बन्धी बिरामीका लागि निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

१६. प्रजनन स्वास्थ्य आकस्मिक कोष

- आपत्कालीन प्रजनन स्वास्थ्य कोष प्रभावकारी रूपमा सञ्चालन गरी पहुँच सुनिश्चित गरिनेछ ।

१७. क्षयरोग नियन्त्रण

- क्षयरोगमुक्त पालिका कार्ययोजना लागू गरिनेछ ।
- क्षयरोगका नयाँ बिरामी पत्ता लगाउने दर ९० प्रतिशतभन्दा बढी पुऱ्याइनेछ ।

१८. सर्पदंश उपचार सेवा

- मालाखेती अस्पतालमा नियमित २४ घण्टा सर्पदंश उपचार केन्द्र सञ्चालन गरिनेछ ।

१९. किटजन्य रोग नियन्त्रण

- औलो तथा डेंगु लगायतका रोगका लागि किटजन्य रोग रोकथाम तथा नियन्त्रण अभियान सञ्चालन गरिनेछ ।

२०. जनस्वास्थ्य प्रवर्द्धन

- प्रत्येक वडामा व्यवहार परिवर्तन सञ्चार कार्यक्रम सञ्चालन गरिनेछ ।

२१. किशोर–किशोरी स्वास्थ्य

- किशोर–किशोरीमैत्री स्वास्थ्य सेवा (AFHS) पूर्णरूपमा सञ्चालन गरिनेछ ।
- यौन तथा प्रजनन स्वास्थ्य शिक्षा, मानसिक स्वास्थ्य, लागुपदार्थ प्रयोग नियन्त्रण तथा रोकथामलाई समेटिनेछ ।

२२. आधारभूत खानेपानी तथा सरसफाइ

- स्वच्छ खानेपानी र आधारभूत सरसफाइ सबै समुदायमा विस्तार गरिनेछ ।

### ३) सामाजिक समावेशीकरण र संरक्षण

१) बालबालिकाको हकहित संरक्षण सम्बर्द्धनका लागि कार्यक्रम विस्तार गरिनेछ; साथै बाल सञ्जालका सदस्यहरूको क्षमता विकासका लागि विशेष पहल गरिनेछ ।

२) बाल क्लबहरू गठन गरी तिनको भूमिकालाई प्रभावकारी बनाउने र बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि बमोजिमका क्रियाकलाप सञ्चालन गरिनेछ ।

३) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी बजेट निर्धारण गरी वडा स्तरबाट कार्यक्रम सञ्चालन गरिनेछ ।

४) मानसिक सन्तुलन गुमाएका महिला साथै अनाथ टुहुरा बालबालिकाका लागि विशेष संरक्षणको व्यवस्था गरिनेछ ।

५) वडा र नगरबाट विपन्न महिलाहरूका लागि आयआर्जन, जीविकोपार्जन, सीप विकास, अभिवृद्धि कार्यक्रममा जोड दिइनेछ ।

६) बालश्रम, बालविवाह, बहुविवाह, दाइजो, बोक्सी, छाउपडी जस्ता प्रथा नियन्त्रणका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

७) लैङ्गिक हिंसा, घरेलु हिंसा, बलात्कार जस्ता जघन्य अपराधबाट पीडित महिला बालबालिकालाई उचित न्याय प्रदान गर्नका लागि सचेतना अभिवृद्धि गरी न्यायको पहुँच सुनिश्चित गरिनेछ ।

८) ज्येष्ठ नागरिकहरूलाई सम्मानका साथै भावनाको कदर गर्दै गोदावरी ज्येष्ठ नागरिक समाजमा नियमित दिवा सेवा सञ्चालन र व्यवस्थापन गरिनेछ ।

९) किशोरीहरूको शारीरिक तथा मानसिक स्वास्थ्य लागि आवश्यक परामर्श तथा सचेतना र संरक्षण प्रवर्द्धन कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१०) अपाङ्गता भएका व्यक्तिहरूको पहिचान गरी सहज तरिकाले परिचयपत्र वितरण गर्ने र सामाजिक–आर्थिक प्रणालीमा समतामूलक पहुँच स्थापना कायम गर्ने नीति अवलम्बन गरिनेछ ।

११) गरिबीको रेखामुनि रहेका महिला, वृद्ध, दलित, पछाडि परेका, अपाङ्गता भएका, सीमान्तकृत र लोपोन्मुख जातिका महिलाहरूको समग्र विकासका लागि कार्यक्रम विस्तार गरिनेछ ।

१२) लैङ्गिक हिंसाबाट पीडित तथा आर्थिक अवस्था कमजोर भएका महिलाहरूलाई लैङ्गिक हिंसा निवारण कोषबाट आयआर्जन व्यवस्थापनका लागि सहयोग गरिनेछ ।

१३) विभिन्न समितिहरूलाई सक्रिय र प्रभावकारी बनाउन समितिहरूको आवश्यकता अनुसार बैठक राखिनेछ ।

१४) गोदावरी नगरपालिकामा रहेका ज्येष्ठ नागरिकहरूको अनुभव, सीप, दक्षता र कार्यकुशलताबारे युवाहरूलाई जानकारी गराइने ।

१५) द्वन्द्व पीडित महिलाहरूका लागि आयआर्जनका कार्यक्रम सञ्चालन गरी जीविकोपार्जनका साथ आत्मनिर्भर बनाइनेछ ।

१६) बालपोषण भत्ताको उपयोगबारे अभिभावकहरूलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१७) जिल्ला स्तरीय अल्पकालीन महिला सुरक्षित आवास गृह (Safe House) सञ्चालनको लागि अन्य पालिकाहरूसँग साझेदारी तथा समन्वयलाई प्राथमिकता दिइनेछ ।

१८) नेपाल सरकारबाट मन्त्रिपरिषद्बाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीहरूमध्ये बुँदा नं. ५ को दलित तथा ऐतिहासिक रूपमा बहिष्कृत समुदायमाथि राज्य, समाज, र नीतिगत संरचनाबाट भएका अन्याय र विभेदको क्षमायाचना सहित सुधारमूखी कार्यक्रमहरू ल्याइने छ ।

१९) नगर भित्र रहेका टुहुरा बालबालिकाको पठनपाठनको सम्पूर्ण व्यवस्था गरिनेछ।

२०) प्रत्येक वडामा सार्वजनिक स्थालमा लागुपदार्थ दुर्व्यसन सम्बन्धि साइनवोर्ड लगाईनेछ।

२१) वडामा रहेका सार्वजनिक चौताराहरुमा ज्येष्ठ नागरिकहरुको विश्रामका लागि वस्ने वेन्चहरु राखिनेछ ।

२२) गोदावरी नगरपालिकालाई कार्यक्षेत्र बनाई सञ्चालनमा रहेका गैरसरकारी संस्थाहरूलाई एकद्वार नीति अवलम्बन गर्दै नियमित अनुगमन, नियमन, अनुमति तथा स्वीकृति प्रदान गरिनेछ र उत्कृष्ट गैरसरकारी संस्थाहरूलाई सम्मान गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

२३) गोदावरी नगरपालिकाका १२ वटै वडामा सामाजिक सुरक्षा भत्ता बैंकमार्फत वितरण हुँदै आएको सन्दर्भमा भत्ता रकम टोल तथा वडामै वितरण गर्न बैंकहरूलाई प्रोत्साहित गरिनेछ र उत्कृष्ट कार्यसम्पादन गर्ने बैंकलाई सम्मान गर्ने नीति अवलम्बन गरिनेछ ।

२४) आमा समूह, टोल समूहलगायतका संस्थाहरू यस नगरपालिकामा २०७२ सालदेखि करिब २०० वटा गठन भई दर्ता भएर सञ्चालनमा रहेका छन्। ती समूहहरूको लेखापरीक्षण खर्चिलो तथा झन्झटिलो भएकाले अधिकांश टोल तथा आमा समूह निष्क्रिय रहेका छन् । त्यसैले ती समूहहरूमा सामाजिक लेखापरीक्षण गराई सक्रिय बनाउने नीति लिइनेछ। कम्तीमा

वर्षमा एक पटक पदाधिकारीहरूलाई क्षमता विकास तालिम सञ्चालन गरिनेछ र उत्कृष्ट टोल तथा आमा समूहहरूलाई सम्मान गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

२५) जन्म, मृत्यु, विवाह तथा बसाइँसराइजस्ता घटना दर्तालाई थप प्रभावकारी र पहुँचयोग्य बनाउन व्यापक प्रचारप्रसार गरिनेछ तथा 'घटना दर्ता सप्ताह' मनाइनेछ। उत्कृष्ट कार्यसम्पादन गर्ने वडा सचिवलाई सम्मान गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

**ग) आर्थिक विकास क्षेत्र**

**१) कृषि विकास**

१) कृषक समूहलाई कृषि प्रसार कार्यक्रमको सम्बाहकका रूपमा अङ्गीकार गरी कृषि विकास कार्यक्रम सञ्चालन गरिनेछ।

२) रोजगारमूलक व्यावसायिक कृषि तालिमको माध्यमबाट कृषिमा जनशक्तिको क्षमता तथा कार्यदक्षता अभिवृद्धि गर्दै रोजगारीका अवसर विस्तार गर्न प्रविधि हस्तान्तरणसहितका व्यावसायिक कृषि तालिम सञ्चालन गरिनेछ।

३) स्थानीय तुलनात्मक लाभका आधारमा बाली तथा वस्तु विशेषका पकेट क्षेत्रहरूको पहिचान गरी सम्भाव्य बाली तथा वस्तुको उत्पादन विशिष्टीकरणमा सहयोग पुर्‍याइनेछ।

४) कृषि जैविक विविधता संरक्षणमा स्थानीय समुदायको अग्रसरतालाई प्रोत्साहन गरिनेछ।

५) कृषि विकाससँग सम्बन्धित गैरसरकारी तथा निजी क्षेत्रका निकायहरूको समन्वय सुदृढ गरी लक्षित वर्गको सामाजिक परिचालनलाई प्रभावकारी बनाइनेछ।

६) रैथाने तथा पोषणयुक्त बालीहरूको खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्नुका साथै स्थानीय उत्पादनको बजारीकरणमा जोड दिइनेछ।

७) कृषिमा आधारित उद्योग तथा उद्यमशीलताको विकास गर्दै कृषकहरूको आत्मसम्मान अभिवृद्धि गर्न उत्कृष्ट कृषक, कृषक समूह तथा सहकारीहरूलाई पुरस्कृत गरिनेछ। साथै कृषकहरूको पहिचान तथा वर्गीकरणसहितको तथ्याङ्क अध्यावधिक गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

८) श्रम बचतमुखी तथा व्यावसायिक कृषि प्रणालीको विकासका लागि कृषि यान्त्रीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

९) प्लास्टिकजन्य वस्तुहरूको प्रयोग प्रतिस्थापन गर्दै पुष्पजन्य बिरुवाहरूको नर्सरी स्थापना गरिनेछ तथा फूलको व्यावसायिक खेती र बजारीकरणमा प्रोत्साहन दिइनेछ।

१०) कृषिमा हुने प्राकृतिक प्रकोप तथा महामारीको नियन्त्रणका लागि बाली संरक्षण सेवा उपलब्ध गराइनेछ।

११) खेर गएको खोला–नदी छेउछाउको जग्गालाई उपयोग गर्दै बगरखेती प्रवर्द्धन गरिनेछ।

१२) पालिका अन्तर्गत स्थापना गरिएको प्रयोगशालाबाट माटो परीक्षण तथा बाली संरक्षण सेवालाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

१३) खाद्यान्न बालीको बीउ उत्पादन तथा बजारीकरणमा विशेष जोड दिइनेछ।

१४) रासायनिक मलखादको आपूर्ति सहज बनाउन प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ।

१५) गोदावरीले निर्माण गरेको वडा नं. १ रहेको कृषि हाट बजारलाई सञ्चालन ल्याउन व्यावसायी, कृषक तथा कृषि उपज थोक बजार समितिसँग समन्वय गरिनेछ ।

**२) पशु सेवा**

१) गाई/गोरु, भैंसी/राँगा, भेडा/बाख्रा, सुँगुर, कुखुरा/हाँस, कुकुर/बिरालो तथा मत्स्यका लागि तोकिएका पशुपन्छी उपचार केन्द्रहरूबाट निःशुल्क रूपमा उपचार सेवा कार्यअन्तर्गत मेडिकल उपचार, माइनर सर्जिकल उपचार तथा गाइनोकोलोजिकल उपचारको व्यवस्था गरिनेछ ।

२) पशु सेवा शाखा अन्तर्गत प्राविधिक सेवाको पहुँच क्षेत्रबाट वञ्चित दुर्गम ठाउँहरूमा पशु स्वास्थ्य तथा बाँझोपन निवारण, परजीवी नियन्त्रण तथा बन्ध्याकरण सम्बन्धी निःशुल्क शिविर कार्यक्रम सञ्चालन गरिनेछ ।

३) नस्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यलाई कृषकको पहुँचसम्म पुर्‍याई दूध तथा मासु उत्पादनमा विशेष जोड दिइनेछ ।

४) गोदावरी नगरपालिकाको कार्यालय अन्तर्गत दर्ता भएका विभिन्न समूह/समिति, व्यावसायिक पशुपन्छी तथा मत्स्यपालन फर्म र अगुवा कृषकहरूका लागि निःशुल्क सिजनअनुसारका विभिन्न जातका पौष्टिक घाँसका बिउ र मिनरल ब्लक (UMMB) वितरण गरी पशुको स्वास्थ्यमा सुधार तथा पशुजन्य उत्पादनको वृद्धिमा जोड दिइनेछ ।

५) सन् २०३० सम्ममा नेपालबाट बहुला कुकुरको टोकाइबाट हुने मानव मृत्युलाई शून्यमा झार्ने संघीय सरकारको नीतिलाई सघाउ पुर्‍याउन तथा गोदावरी नगरपालिकामा रेबिज रोग नियन्त्रण गर्न नगरपालिकालाई रेबिज रोगमुक्त बनाउन १२ वटै वडाहरूमा रेबिज रोग विरुद्धको निःशुल्क घुम्ती खोप सेवा अभियान तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

६) विगतमा स्थापना भएका पशुपन्छी उपचार केन्द्रलाई निरन्तरता दिंदै पशुपन्छी उपचार तथा प्राविधिक परामर्श सेवा नियमित सञ्चालन गरिनेछ ।

७) पशुपन्छी तथा मत्स्यमा लाग्न सक्ने महामारी तथा संक्रामक रोगहरू नियन्त्रणका लागि आकस्मिक रोग नियन्त्रण तथा व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ ।

८) गोदावरी नगरपालिका अन्तर्गत सञ्चालनमा रहेका एग्रोभेट, डेरी पसल, मासु पसलहरू तथा विभिन्न व्यावसायिक फर्महरूको नियमन गरिनेछ ।

९) कृषकहरूलाई समूह/समितिमा आबद्ध गराई बाख्रा, सुँगुर, गाई, भैंसी तथा स्थानीय कुखुरा पकेट क्षेत्र विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

१०) सामुदायिक कुकुरहरूको संख्या नियन्त्रण गर्न घरपालुवा तथा सामुदायिक छाडा कुकुरहरूको बन्ध्याकरण गर्ने कार्य गरिनेछ ।

११) पशुपन्छीपालक कृषकहरूलाई वैज्ञानिक र आधुनिक पशुपन्छी तथा मत्स्यपालन प्रणालीमा विकसित भएका नयाँ–नयाँ ज्ञान, सीप, प्रविधि र सफल अभ्यासहरूको प्रत्यक्ष अवलोकन गराउन कृषक अवलोकन भ्रमण तथा कृषकस्तर तालिमको आयोजना गरिनेछ ।

१२) कृषकहरूको जोखिम न्यूनीकरण गर्नका लागि पशुपन्छी बीमाबारे कृषकहरूलाई जानकारी गराइनेछ।

१३) व्यावसायिक पशुपन्छी तथा मत्स्य फर्म प्रवर्द्धन का लागि प्रजनन योग्य बोका, औजार/उपकरण खरिद र सञ्चालनलाई प्रोत्साहित गर्न लागत साझेदारीमा अनुदान सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।

१४) सीमान्तकृत समुदायका भूमिहीन, एकल महिला, पिछडिएका वर्ग, दलित तथा जनजातिहरूको आयआर्जनका लागि मागमा आधारित पशुपन्छीपालन कार्यक्रम सञ्चालन गरिनेछ ।

१५)सामुदायिक छाडा पशु व्यवस्थापनमा सहयोग पुऱ्याउन सामुदायिक भालेपशुहरु लाई बन्ध्याकरण गरिनेछ ।

**३) सहकारी व्यवस्थापन**

१) समान प्रकृति, उद्देश्य र कार्यक्षेत्र भएका सहकारी संस्थाहरूलाई एकीकरणको नीति लिइनेछ ।

२) नयाँ सहकारी संस्था दर्ता वा बाह्य सहकारी संस्थाको कार्यक्षेत्र विस्तार तथा सेवा केन्द्र विस्तार गरिनेछैन।

३) निरन्तर ३ वर्ष सम्म लेखा परीक्षण तथा वार्षिक साधारण सभा नगर्ने सहकारी संस्थालाई कानून बमोजिम कारबाहीका लागि प्रक्रिया अगाडि बढाइनेछ ।

४) उत्पादनमूलक सहकारी संस्थासँग कृषकहरूको सहज पहुँचका लागि मल–बीउ वितरण प्रणालीलाई व्यवस्थित बनाउने नीति लिइनेछ ।

५) गोदावरी नगरपालिका नियन्त्रण क्षेत्रभित्र पर्ने सहकारी संस्थाहरू प्रचलित ऐन–कानुन बमोजिम सञ्चालन भएका छन् वा छैनन्, सोका लागि अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ ।

६) बचत तथा ऋण को कारोबार गर्नुका साथै दुग्ध उत्पादन, शुद्ध तोरीको तेल र गुड उत्पादन गर्ने सहकारी संस्थाहरूलाई आवश्यक प्राविधिक सहयोग, बजारीकरण तथा क्षमता विकास कार्यक्रममा सहयोग गरिनेछ ।

७) सहकारी संस्थामा आवद्ध कृषकहरूको आर्थिक तथा सामाजिक जीवनस्तर माथि उठाउने अभिप्रायले व्यवसायिक रूपमा तरकारी बाली उत्पादन गर्ने तालिम प्रदान गरिनेछ ।

**४) उद्योग, वाणिज्य, संस्कृति तथा पर्यटन**

१) "संस्कृतिको सम्मान, भविष्यको निर्माण" भन्ने नारालाई आत्मसात् गर्दै नगर क्षेत्रको मौलिक संस्कृति प्रवर्द्धन का लागि पुराना तथा ऐतिहासिक मन्दिरहरूको संरक्षण गरिनुका साथै परम्परादेखि प्रचलनमा रहेका बाजा, भेषभूषा, कला–संस्कृति, भाषा र साहित्यको संरक्षण तथा प्रवर्द्धनमा जोड दिइनेछ ।

२) यस नगरपालिकाभित्र रहेका पर्यटकीय तथा धार्मिक स्थल गोदावरी, मष्टा, ग्वाँसी समैजी, गोलादेउ, ग्वासी मम्दिर, शिवमन्दिर, बुद्धमन्दिर र बनदेवी धाम, नाइल ताल, लामी ताल, राजी ताल, भल्का र मुरीभावर को विकासका लागि प्रदेश तथा केन्द्र सरकारसँग आवश्यक पहल गरिनेछ ।

३) स्थानीय स्रोत, साधन तथा कच्चा पदार्थमा आधारित उद्योग, व्यापार र व्यवसाय सञ्चालन गर्न विशेष जोड दिइनेछ। यस्ता उद्योग, व्यापार, व्यवसाय र उद्यम सञ्चालन गर्न निजी क्षेत्र, सहकारी र वित्तीय क्षेत्रसँग समन्वय र सहजीकरण गरिनेछ ।

४) गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) मार्फत नयाँ सिर्जना भएका लघु उद्यमीहरूलाई उद्यमशीलता सहित सीप विकास तालिम दिई आत्मनिर्भर बनाउने नीतिलाई निरन्तरता दिइनेछ । साथै लघु, घरेलु तथा साना उद्यमीहरूलाई प्रविधि हस्तान्तरण गरी थप हौसला बढाउने नीति समेत अवलम्बन गरिनेछ।

५) उपभोक्ता हित संरक्षणका लागि जनचेतना वृद्धि गर्न बजार अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ ।

६) सार्वजनिक स्थलमा प्लास्टिकबाट बनेका वस्तुको प्रयोगलाई निषेध गरी सालका पातबाट बनेका दुना–टपरी प्रयोगमा ल्याई वातावरण मैत्री बनाउन नगरबासीमा अनुरोध गरिनेछ। त्यस्ता उद्योगलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

७) थारू तथा दलित समुदायका गरिब, अति गरिब र विपन्न महिलाहरूलाई सीपमूलक तालिम प्रदान गरी आत्मनिर्भर बनाइने नीति अवलम्बन गरिनेछ ।

८) गरिबसँग विश्वेश्वर कार्यक्रम अन्तर्गत गरिब, अति गरिब तथा विपन्न वर्गका महिलाहरूलाई सीप विकास तालिम प्रदान गरी आत्मनिर्भर बनाउने नीति अवलम्बन गरिनेछ ।

९) स्थानीय तहमा उद्योग दर्ता गर्न जनचेतना कार्यक्रम गर्न विशेष जोड दिइनेछ ।

**५) रोजगारी**

१) "नगरको सरोकार स्थानीय स्तरमै सीप र रोजगार कार्यक्रम"मार्फत सरोकारवाला निकायहरूको समन्वय र सहकार्यमा कम्तीमा १५० जना युवाहरूलाई रोजगारीमा पदस्थापना गरिनेछ ।

२) पालिकाभित्र सञ्चालन गरिने सीप विकास तथा उद्यमशीलता तालिमको तथ्याङ्कलाई एकीकृत गरी रोजगार बैंक तयार गरिनेछ । एकपटक सीप सिकिसकेर स्तरउन्नति गर्न चाहने व्यक्तिहरूलाई फलोअप कार्यक्रम सञ्चालन गरिनेछ । रोजगार बैंकलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न बजारको माग र आपूर्तिको विश्लेषणसहित रोजगार संवाद मञ्चसँगको समन्वयलाई विस्तार गरिनेछ ।

३) पालिकामा श्रम तथा रोजगार क्षेत्रमा काम गर्ने संघसंस्थाहरूसँगको समन्वयमा समग्र श्रम तथा रोजगार क्षेत्रको तथ्याङ्क सङ्कलन तथा अद्यावधिक कार्यलाई निरन्तरता दिइनेछ ।

४) रोजगार सेवालाई दिगो तथा प्रभावकारी बनाउनका लागि सरोकारवाला निकायहरू, निजी क्षेत्र/संघसंस्थासँगको समन्वय र सहकार्यलाई निरन्तरता दिइनेछ ।

५) सार्वजनिक पूर्वाधार निर्माणमा श्रममूलक प्रविधिको प्रयोगमार्फत न्यूनतम रोजगार कार्यक्रमलाई साझेदारीमा सञ्चालन गरिनेछ ।
६) आन्तरिक र वैदेशिक रोजगारीसँग सम्बन्धित सूचना, जानकारी तथा परामर्शलाई थप प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।
७) रोजगार सेवा केन्द्रलाई एकीकृत रोजगार सेवा केन्द्रको रूपमा विस्तार गरी पालिकास्तरमा रोजगार सेवा केन्द्रअन्तर्गत श्रम डेस्क सञ्चालन तथा व्यवस्थापन गरिनेछ । अनौपचारिक क्षेत्र, स्वरोजगार क्षेत्र तथा औपचारिक क्षेत्रका श्रमिकहरूलाई सामाजिक सुरक्षा योजनामा आबद्धताका लागि समन्वय गरिनेछ ।
८) श्रमिक तथा रोजगारदातामैत्री कार्यस्थल वातावरण निर्माणका लागि सरोकारवाला निकायसँग समन्वय र सहकार्य गरिनेछ ।
९) वैदेशिक रोजगारसँग सम्बन्धित सेवा (वित्तीय साक्षरता, मनोसामाजिक परामर्श, वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने कल्याणकारी सेवाहरू, पुनः श्रम स्वीकृतिमा सहजीकरण, पुनः एकीकरण कार्यक्रम, सीप तथा क्षमता विकास) हरूलगायतका कार्यलाई निरन्तरता दिइनेछ ।
१०) श्रम तथा रोजगार सम्बन्धी सेवालाई थप सहज तथा पहुँचयोग्य बनाउन रोजगार सेवा केन्द्रलाई सुदृढीकरण गरिनेछ ।
११) श्रम र रोजगार क्षेत्र नियमन र सहजीकरणका लागि पालिकाको श्रम तथा रोजगार ऐन, निर्देशिका र अनुगमन कार्यविधि तयार गरिनेछ ।
१२) योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा सहजीकरणका लागि स्थानीय योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, निर्देशिका लगायत आवश्यक कार्यविधि तयार गरिनेछ र योगदानमा आधारित सामाजिक सुरक्षासम्बन्धी वडा तथा बस्तीस्तरमा सचेतना र क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

**६) भूमि तथा सिंचाइ**

१) कृषकहरूको भूमि सिंचाइका लागि ५० प्रतिशत साझेदारीमा बोरिङ्ग कार्यक्रमलाई निरन्तरता दिई खेतीयोग्य जमिनमा सिंचाईको सुनिश्चितताका लागि खेतीयोग्य जमिनमध्ये सिंचाइ सुविधा पुगेको जमिनको तथ्याङ्क सङ्कलन गरिनेछ ।
२) बाँझो जमिनको उपयोग सम्बन्धी नीति निर्माण गर्न आवश्यक अध्ययन गरिनेछ ।

३) खाद्य सुरक्षा सुनिश्चितताका लागि खाद्य पहुँच अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

**घ) पूर्वाधार विकास क्षेत्र**

१) नगरपालिका बाट कार्यान्वयन हुने सम्पूर्ण योजनाहरूको सम्झौतादेखि भुक्तानीसम्मको कार्यलाई विद्युतीय बनाउन एकीकृत योजना व्यवस्थापन सफ्टवेयर क्रमशः वडास्तरमा पनि सञ्चालनमा ल्याइनेछ ।

२) यस नगरपालिकासँग सिमाना जोडिएका र जिल्ला स्थित अन्य पालिकाहरूका साथै प्रदेश सरकार र संघीय सरकारसँग समन्वय, सहकार्य र सह-अस्तित्वको भावना अनुसार कार्य प्रारम्भ गरिनेछ ।

३) उत्पादनशील जग्गामा हुने घडेरी प्लटिङ तथा बिक्री लाई निरुत्साहित गर्दै नगरपालिकाको पूर्वस्वीकृति लिएर मात्रै घडेरी तथा जग्गा विकास व्यवसाय सञ्चालन गर्नुपर्ने नियमलाई अनिवार्य गरिनेछ ।

४) कुनै पनि बस्ती–टोलमा शाखा बाटो वा नयाँ बाटो खोल्दा नगरपालिकाको पूर्वस्वीकृति लिएर मात्र खोल्नुपर्ने व्यवस्था गरिनेछ ।

५) नगर क्षेत्रमा बन्ने घरको निर्माणपूर्व अनिवार्य नक्सापास गर्ने व्यवस्थाको प्रभावकारी नियमन गरी विद्युतीय नक्सापास प्रणाली अवलम्बन गरिनेछ। नगर क्षेत्रको जग्गा वर्गीकरण लाई वैज्ञानिक बनाउँदै वर्गीकृत जग्गाहरूको व्यवस्थित सदुपयोगको नीति तयार गरिनेछ ।

६) यस गोदावरी नगरपालिकाको शहरी योजना तथा भवन निर्माण मापदण्ड, २०७९ तयार भएकोले सोको विस्तृत कार्यान्वयनको नीतिलाई निरन्तरता दिइनेछ ।

७) यस पालिकामा विगत र निर्माणाधीन अवस्थामा रहेका योजनाहरूलाई दिगो बनाउन मर्मत–सम्भार कोष बनाइनेछ ।

८) यस पालिकाका विभिन्न चोकहरूमा दुर्घटना हुने समस्या देखिएकोले सोको न्यूनीकरण गर्न नगरका विभिन्न चोकहरूमा स्मार्ट लाइट जडान गरिनेछ ।

९) यस नगरपालिकाका विभिन्न ठाउँमा विद्युत् पोल सडक क्षेत्राधिकारभित्र परेको सम्पूर्ण पोलहरूलाई विद्युत् प्राधिकरणसँग साझेदारीमा व्यवस्थापन गरिनेछ ।

१०) गोदावरी नगरपालिकामा रहेका पुराना झोलुङ्गे पुलहरू को मर्मत–सम्भार तथा संरक्षण गरिनेछ ।

११) यस पालिकाभित्रका ठूला आयोजनाहरुको कार्यान्वयनार्थ विस्तृत परियोजना प्रतिवेदन तयार गर्न आवश्यक बजेटको प्रबन्ध गरिनेछ ।

१२) मर्मत आवस्यक भएका कालो पत्रे सडक तथा पालिका अन्तर्गतका भवनहरुको मर्मत संम्भारको व्यवस्था गरिनेछ ।

१३) राजमार्ग तथा कालो पत्रे भएका शाखा सडकहरुमा उचित ट्राफिक संकेतको व्यवस्थापन गरिनेछ ।

**ङ) वन, वातावरण तथा विपद् व्यवस्थापन**

१) नगर क्षेत्रभित्रका कतिपय वन–जंगलका स्थानहरू रुख–बिरुवाविहीन भई खाली रहेको हुँदा यस्तो खाली स्थानमा संघ सरकार, प्रदेश सरकार र अन्य संघ–संस्थाको समन्वयमा जडीबुटी खेती र जडीबुटी उत्पादन कार्यक्रम सञ्चालन गरी विपन्न समुदायलाई आर्थिक लाभ र रोजगारी उपलब्ध गराइनेछ ।

२) विपद् जोखिम न्यूनीकरण का लागि आवश्यक सामग्रीहरूको व्यवस्थापन गरिनेछ र विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन अन्तरपालिका स्रोत साझेदारीको व्यवस्थापन गरिनेछ ।

३) फोहोरमैला व्यवस्थापन कार्यलाई दिगो तथा प्रभावकारी बनाउन नागरिकहरूसँग सहकार्य गरिने र टोल सुधार समिति तथा आमा समूहलाई सक्रिय बनाइनेछ ।

४) नगरपालिकामा रहेको विपद् व्यवस्थापन कोषमा प्रत्येक वर्ष रकम थप गर्दै जाने कार्यलाई निरन्तरता दिइनेछ। नगरस्तरीय विपद् व्यवस्थापन समिति र वडा–स्तरीय विपद् व्यवस्थापन समितिलाई क्रियाशील बनाइनेछ।

५) विपद् व्यवस्थापनमा सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी, उद्योग वाणिज्य संघ लगायत यस क्षेत्रमा क्रियाशील संघ–संस्थाहरूको सहकार्यलाई प्रभावकारी बनाउने कार्यलाई निरन्तर अगाडि बढाइनेछ ।

६) एम्बुलेन्स, वारुणयन्त्र जस्ता आकस्मिक सेवाहरूको प्रभावकारी रूपमा परिचालन गरिनेछ ।

७) नगरको सुन्दरता र वातावरणीय स्वच्छताका लागि फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ ।

८) फोहोरलाई स्रोतमा वर्गीकरण गरी ऊर्जामा रूपान्तरण गर्ने, प्राङ्गारिक मल बनाउने जस्ता नवीनतम प्रविधिलाई आत्मसात् गरिनुका साथै उक्त कार्यहरूलाई व्यवस्थित रूपमा सञ्चालन

गर्न छुट्टै रूपमा वातावरण तथा सरसफाइ शाखाको विस्तार गर्दा दरबन्दी समेत सिर्जना गरिनेछ ।

९) नगर तथा वडा–स्तरीय विपद् व्यवस्थापन समितिका पदाधिकारीहरूको क्षमता अभिवृद्धि सम्बन्धी तालिमहरू सञ्चालन गरिनेछ ।

१०) नगरमा रहेको आपतकालीन कार्यसञ्चालन केन्द्रलाई थप प्रभावकारी बनाइनेछ ।

११) फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि टोल–बस्तीमा जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरी फोहोरमैलाको उचित व्यवस्थापन गरिनेछ ।

१२) विपद्का घटनाहरूको न्यूनीकरणका लागि विपद् पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ मा विशेष जोड दिइनेछ ।

१३) विपद् प्रभावित क्षेत्रमा बसोबास गर्ने सर्वसाधारणहरूको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

**अन्त्यमा,**

यो नीति निर्माण प्रक्रियामा महत्वपूर्ण सहयोग गर्नुहुने आदरणिय नगर उपप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, योजनातर्जुमा समितिका सदस्यज्यूहरु, राजश्व परामर्श समितिका सदस्यज्यूहरु, विषयगत समितिका संयोजक तथा सदस्यज्यूहरु, लेखा समितिका सदस्यज्यूहरु, कार्यपालिकाका सम्पूर्ण सदस्यज्यूहरु, सम्पूर्ण कर्मचारी साथीहरु लगायत अमुल्य सल्लाह सुझाव दिनु हुने सबै प्रति हार्दिक आभार प्रकट गर्दै धन्यवाद ब्यक्त गर्दछु ।

**धन्यवाद ।**

**मितिः २०८३।०१।०५ गते,**
**गोदावरी नगरपालिका, अत्तरिया,**
**कैलाली ।**
**विरेन्द्र भट्ट**
**नगर प्रमुख**